# Kisan Laghubitta Bittiya Sanstha Ltd
# किसान लघुवित्त वितीय संस्था लिमिटेड

**केन्द्रीय कार्यालयः** बलिया, कैलाली
**कर्पोरेट कार्यालयः** बुढानीलकण्ठ-०८, काठमाण्डौ, फोनः ०१-४३७२२७४
Email: info.kisanmf@gmail.com, Website: www.kisanlaghubitta.com.np


## पाँचौ वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(दोस्रो पटक प्रकाशित मिति : २०८०/११/१८)**

आदरणीय शेयरधनी महानुभावहरु,

यस संस्थाको संचालक समितिको मिति २०८०/११/१५ मा बसेको १२९ औं बैठकको निर्णयानुसार संस्थाको पाँचौ वार्षिक साधारण सभा निम्न विषय उपर छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१) मिति, समय र स्थान**

मिति : २०८० साल, चैत्र ९ गते, शुक्रवार
समय : विहान ११:०० बजे
स्थान : ताज प्यालेस (Taaj Palace), स्पेशियल चोक, गल्फुटार, काठमाण्डौ

**२) छलफलका विषयहरु :**

**क) साधारण प्रस्तावहरु**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आ.व.२०७९/८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वासलात, आ.व. २०७९/८० को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण (अनुसूची सहित) उपर छलफल गरी पारित गर्ने ।
३. संस्थाको आ.व.२०८०/८१ को लेखापरीक्षण कार्यका लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. संचालक समितिमा संचालकहरुको मनोनयनलाई अनुमोदन गर्ने ।

**ख) विशेष प्रस्तावहरु :**

१. किसान लघुवित्त वित्तीय संस्था लिमिटेड र जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने गाभिने सम्बन्धमा संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. किसान लघुवित्त वित्तीय संस्था लिमिटेड र जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा मर्जर गर्ने प्रयोजनको लागि मुल्यांकनकर्ताबाट प्राप्त सम्पत्ति तथा दायित्व मुल्यांकन प्रतिवेदन (Due Deligence Audit Report) को आधारमा जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्थाले १ (एक) कित्ता शेयर पाँउदा किसान लघुवित्त लघुवित्त वित्तीय संस्थाले ०.८८३४ (शुन्य दशमलव आठ आठ तीन चार) कित्ता शेयर पाउने गरी कायम भएको शेयर स्वाप अनुपात (Share Swap Ratio) सम्बन्धी प्रस्ताव पारित गर्ने ।
३. किसान लघुवित्त वित्तीय संस्था लिमिटेड र जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा मर्जर गर्ने सम्बन्धमा सम्पन्न समझदारीपत्र (Memorandum of Understanding), सम्पत्ति र दायित्व तथा कारोबार को मुल्यांकन प्रतिवेदन (Due Deligence Audit Report), मर्जर सम्बन्धमा गठित मर्जर समिति तथा संयुक्त मर्जर समिति र सञ्चालक समितिले गरेको निर्णय एवं सो सम्बन्धमा भएका खर्च लगायतका सम्पूर्ण काम कारवाहीहरु तथा अन्तिम सम्झौतापत्रलाई अनुमोदन गर्ने ।
४. किसान लघुवित्त वित्तीय संस्था लिमिटेड र जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड बीच एक आपसमा गाभ्ने गाभिने प्रयोजनका लागि गठित संयुक्त मर्जर समितिबाट नियुक्त सम्पत्ति तथा दायित्वको मुल्यांकनकर्ता चार्टड एकाउन्टेन्टस् फर्म NB Rokaya & Associates को नियुक्ति र उक्त फर्मको पारिश्रमिक अनुमोदन गर्ने ।
५. किसान लघुवित्त वित्तीय संस्था लिमिटेड र जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड बीच एक आपसमा गाभ्ने गाभिने कार्य सम्पन्न भए पश्चात बन्ने नयाँ संचालक समितिमा यस संस्थाबाट प्रतिनिधित्व गर्ने संचालकहरु सम्बन्धमा संचालक समितिले गरेको निर्णय अनुमोदन गर्ने तथा जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्थाबाट चयन भई आउनु हुने संचालकहरुको मनोनयनलाई अनुमोदन गर्ने ।
६. किसान लघुवित्त वित्तीय संस्था लिमिटेड र जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड बीच एक आपसमा गाभ्ने गाभिने (मर्जर) कार्य सम्पन्न भए पश्चात् हुने संस्थाको शेयर संरचना, अधिकृत पूँजी, जारी पूँजी, चुक्ता पूँजी र संस्थाको नाम, ठेगाना, संचालकहरुको भत्ता तथा सेवा सुविधा लगायतका विषयहरुमा परिवर्तन गर्नुपर्ने भए बमोजिम संस्थाको प्रबन्धपत्रको दफा १, दफा २(१), दफा ६ (ख),(ग),(घ),(ङ),(च) र नियमावलीको नियम १, नियम २(१) नियम ३(घ), नियम ३२ को १(क) मा संशोधन गर्ने साथै मर्जरका कारण प्रबन्धपत्र तथा नियमावलीका अन्य दफा तथा नियमहरुमा समेत संशोधन गर्नुपर्ने भएमा सोका लागि आवश्यकता अनुसार संशोधन गर्ने सम्पूर्ण अधिकार संचालक समितिलाई प्रदान गर्ने ।
७. बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने तथा गाभिने तथा प्राप्ति सम्बन्धी विनियमावली, २०७३ बमोजिम संचालक समितिको निर्वाचन जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्थालाई गाभ्ने कार्य सम्पन्न भई सकेपछिको आगामी वार्षिक साधारण सभाबाट गर्ने ।
८. भविष्यमा अन्य लघुवित्त वित्तीय संस्थालाई गाभ्ने गाभिने वा प्राप्ति प्रक्रियामा जाने प्रयोजनार्थ अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थासँग गाभ्ने गाभिने वा प्राप्तिमा जाने सम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर गर्ने, DDA गर्ने र गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धी अन्य सम्पूर्ण कार्यहरु गर्न गराउन संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
९. प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने क्रममा नियमनकारी निकायबाट कुनै विषयमा संशोधन एवं परिवर्तन गर्न निर्देशन भएमा सो समेत मिलाई संशोधन तथा परिवर्तन गर्ने लगायत अन्य सम्पूर्ण कार्य गर्न गराउन संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**ग) विविध**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

***नोट:पाँचौ वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी मिति २०८० फागुन १६ गते बुधबारको कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको छ। साथै यस संस्थाको वेभसाइट www.kisanlaghubitta.com.np मा समेत राखिएको व्यहोरा अनुरोध छ।***